# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## खप्तडछान्ना गाउँपालिका
## बझाङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## खप्तडछान्ना गाउँपालिका

## बझाङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

खप्तडछान्ना गाउँपालिका

बझाङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९।८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

सुदूरपश्चिम प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ४८

विषयः <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री अध्यक्षज्यू ,

खप्तडछान्ना गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

बझाङ।

१. **कैफियत सहितको राय** — हामीले खप्तडछान्ना गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन।

२.२. लेखापरीक्षणबाट रू. ९१ लाख ३३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा कुनै प्रतिक्रिया प्राप्त नभएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २५ लाख ३३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ लाख ७१ हजार र नियमित गर्नुपर्ने रु. ६४ लाख २९ हजार रहेको छ । यस गाउँपालिकाको गत वर्षसम्म रु. १४ करोड ६५ लाख ९३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १३ करोड ९४ लाख ४८ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने खप्तडछान्ना गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (**Fraud**) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)

**नायब महालेखापरीक्षक**

# खप्तडछान्ना गाउँपालिका

## बझाङ

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ३६ | ३२ | ९१३३ | ० | ० | ० | ३६ | ३२ | ९१३३ | २५३३ | ६४२९ | १७१ | ० | ० | ६६०० | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बझाङ | १४६५९३ | ० | १६२७८ | १३०३१५ | ० | ९१३३ | १३९४४८ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

(रु.)

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | गत विगत वर्षतर्फको | | | |
| १ | २०७८।७९ | विभिन्न दफा | विभिन्न दफाहरुको जम्मा रकम | १६२७७९९४ |
| | कुल जम्मा | | | १६२७७९९४ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो गाउँपालिका कुल ११३.५२ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल ७ वटा वडाहरुमा बिभाजन गरिएको र सभा सदस्या संख्या ३९ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ।

**(घ) लेखापरीक्षण विधि-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग मिति २०८०।६।१६ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको आय-व्ययतर्फ गरी जम्मा रु. १ अर्ब १३ करोड १८ लाख ६४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

३ लेखापरीक्षणको क्रममा असुली।

**लेखापरीक्षणको क्रममा देहाय अनुसारको रकम असुली तथा फिर्ता भएको छ ।**

| वापत | विवरण | रकम | कोष |
|---|---|---|---|
| चाडपर्व खर्च बढी भुक्तानी | ८ जनावाट असुल | ११६५०० | स्थानीय सञ्चित कोष |
| यातायात खर्च वढी भुक्तानी | ७ जनावाट असुल | ३४२००० | स्थानीय सञ्चित कोष |
| राजस्व कम दाखिला | ५ जनावाट असुल | १३०४१ | स्थानीय सञ्चित कोष |
| संघीय अनुदान फिर्ता | फिर्ता गर्न बाँकी | ६३४००० | |
| प्रदेश अनुदार फिर्ता | फिर्ता गर्न बाँकी | २३१५००० | |
| जम्मा | | ३४२०५४१ | |

## ४ प्राप्ति भुक्तानी विवरण

| प्राप्ति भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| **प्राप्ति (क+ख)** | | ४८,६७,१५,५९३.०० | ४२,८९,५८,५०५.३४ | | ४२,८९,५८,५०५.३४ | ४४,१६,३०,०९०.९३ | | ४४,१६,३०,०९०.९३ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ४८,२९,५५,०६३.०० | ४२,१४,२३,४०३.२४ | ०.०० | ४२,१४,२३,४०३.२४ | ४३,७९,७२,८१३.५१ | ०.०० | ४३,७९,७२,८१३.५१ |
| ११००० कर | ११ | ८,०७,९८,०००.०० | ६,८९,७०,४४६.५० | ०.०० | ६,८९,७०,४४६.५० | ६,९३,८८,९१४.९० | ०.०० | ६,९३,८८,९१४.९० |
| १३००० अनुदान | | ३७,३५,१४,०००.०० | ३५,२४,५२,९५६.७४ | ०.०० | ३५,२४,५२,९५६.७४ | ३६,१९,०६,५५२.४८ | ०.०० | ३६,१९,०६,५५२.४८ |
| संघीय सरकार | १२ | ३६,०७,१४,०००.०० | ३३,९७,७७,९५६.७४ | ०.०० | ३३,९७,७७,९५६.७४ | ३३,६५,३०,८६१.४८ | ०.०० | ३३,६५,३०,८६१.४८ |
| प्रदेश सरकार | १२ | १,२८,००,०००.०० | १,२६,७५,०००.०० | ०.०० | १,२६,७५,०००.०० | २,५३,७५,६९१.०० | ०.०० | २,५३,७५,६९१.०० |
| १४००० अन्य राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ६६,७७,३४६.१३ | ०.०० | ६६,७७,३४६.१३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३२००० वित्तीय सम्पत्ति | | २,८६,४३,०६३.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | | ३७,६०,५३०.०० | ७५,३५,१०२.१० | | ७५,३५,१०२.१० | ३६,५७,२७७.४२ | | ३६,५७,२७७.४२ |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | ३७,६०,५३०.०० | २६,५४,४४७.५० | ०.०० | २६,५४,४४७.५० | ८,६८,०२४.०० | ०.०० | ८,६८,०२४.०० |
| धरौटी | | ०.०० | ४८,८०,६५४.६० | ०.०० | ४८,८०,६५४.६० | २७,८९,२५३.४२ | ०.०० | २७,८९,२५३.४२ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | ४८,६७,१५,५९३.०० | ४४,८६,९०,५४३.१५ | | ४४,८६,९०,५४३.१५ | ४१,६०,९६,११७.८३ | | ४१,६०,९६,११७.८३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४८,२९,५५,०६३.०० | ४४,४५,२०,०१३.१५ | | ४४,४५,२०,०१३.१५ | ४१,२४,१०,३१७.८३ | | ४१,२४,१०,३१७.८३ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २१,१८,९१,०००.०० | १९,९८,६९,१८९.४६ | ०.०० | १९,९८,६९,१८९.४६ | १७,३२,७०,४६१.९८ | ०.०० | १७,३२,७०,४६१.९८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,१७,३६,९८४.०० | १०,८५,१२,४११.६४ | ०.०० | १०,८५,१२,४११.६४ | ६,९८,९८,५४७.५० | ०.०० | ६,९८,९८,५४७.५० |
| २५००० सहायता (Subsidy) | १८ | ४७,६०,०००.०० | ४४,७८,२३८.०० | ०.०० | ४४,७८,२३८.०० | १,११,०३,०६१.०० | ०.०० | १,११,०३,०६१.०० |
| २६००० अनुदान | १८ | २३,७५,०००.०० | २३,७२,१४०.०० | ०.०० | २३,७२,१४०.०० | ०.०० | ०.०० | ०.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ९८,२४,०००.०० | ९७,१५,३१४.०० | ०.०० | ९७,१५,३१४.०० | ९२,३२,२९९.०० | ०.०० | ९२,३२,२९९.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २८००० अन्य खर्च | १८ | १८,५०,०००.०० | १७,३७,३००.०० | ०.०० | १७,३७,३००.०० | १३,२१,८००.०० | ०.०० | १३,२१,८००.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १३,०५,१८,०७९.०० | ११,७८,३५,४२०.०५ | ०.०० | ११,७८,३५,४२०.०५ | १४,७५,८४,१४८.३५ | ०.०० | १४,७५,८४,१४८.३५ |
| ३३००० दायित्व | १८ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| घ. अन्य भूक्तानी | | ३७,६०,५३०.०० | ४१,७०,५३०.०० | | ४१,७०,५३०.०० | ४१,६०,९६,११७.८३ | | ४१,६०,९६,११७.८३ |
| कोषहरु | | ३७,६०,५३०.०० | ३७,३५,५३०.०० | ०.०० | ३७,३५,५३०.०० | ११,८५,८००.०० | ०.०० | ११,८५,८००.०० |
| धरौटी | | ०.०० | ४,३५,०००.०० | ०.०० | ४,३५,०००.०० | २५,००,०००.०० | ०.०० | २५,००,०००.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | | (१,९७,३२,०३७.८१) | | (१,९७,३२,०३७.८१) | २,५५,३३,९७३.१० | | २,५५,३३,९७३.१० |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३,०५,१३,७७३.९९ | | ३,०५,१३,७७३.९९ | १,१९,३८,०८१.५४ | | १,१९,३८,०८१.५४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | १,०७,८१,७३६.१८ | | १,०७,८१,७३६.१८ | ३,७४,७२,०५४.६४ | | ३,७४,७२,०५४.६४ |
| बैंक तथा नगद बाकी | २४ | | १,०४,२७,१०७.६९ | | १,०४,२७,१०७.६९ | २,९६,९६,४६४.४८ | | २,९६,९६,४६४.४८ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **वित्तीय विवरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन

तथा प्रतिवेदन गर्नुपर्दछ । गाउँपालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४.१ **वित्तीय विवरणको यथार्थता -** गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । गाउपालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८५६९५७६७ र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ४०५१६००० गरी रु. १२६२११७६७ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा गाउँपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४.२ **हिसाब फरक-** यस गाउँपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणको क्रममा गाउँपालिकाबाट सबै कारोबार समेटिएको एकीकृत आर्थिक विवरण माग भएकोमा भएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. २३३१२०, यस वर्षको प्राप्ति रु. १२७३४२१३०, यस वर्षको भुक्तानी रु. १२७४६३६३८ फरक परेको छ । सुत्रमा गाउँपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले गाउँपालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गत वर्षको जिम्मेवारी** | **यस वर्षको प्राप्ति** | **यस वर्षको भुक्तानी** | **मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ३०५१३७७३ | ४२८९५८५०५ | ४४८६९०५४३ | १०४२७१०७ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३०२८०६५३ | ५५६३००६३५ | ५७६१५४१८१ | १०४२७१०७ |
| फरक | २३३१२० | १२७३४२१३० | १२७४६३६३८ | ० |

४.३ **संचित कोष जिम्मेवारी** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ ।आर्थिक वर्ष २०७९।८० को म ले प फारम नं २७२ को अनुसूची १० परीक्षण गर्दा गाउँपालिकाले संचित कोष जिम्मेवारी अल्या गर्दा गत वर्षको मौज्दात रु २८०७१८१६ रहेकोमा रु २८६४३०६३ जिम्मेवारी सारेको देखिन्छ । गत वर्षको मौज्दात भन्दा रु ५७१२४७ बढी जिम्मेवारी सारेको सम्वन्धमा एकिन हुनुपर्दछ ।

४.४ **सुत्रमा प्रविष्टि नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा

राख्नुपर्ने उल्लेख छ । गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा कुल आन्तरिक राजश्व रु ८०५४५९ दाखिला गरेको विवरण उपलब्ध गराए पनि उक्त राजश्व सुत्रमा प्रविष्टि गरेको नदेखिएकोले सुत्रमा प्रविष्टि गरी हिसाब मिलान गर्नुपर्दछ ।

५ **प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २१ जना पदपूर्ती भएको देखिन्छ ।गाउँपालिकामा अधिकृत स्तर का महत्वपुर्ण पद रिक्त रहेको पाईयो । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा गाउँपालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने हुँदा रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

७ **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न नपाउने व्यवस्था छ । गाउँपालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। गाउँपालिकाले मापदण्ड र कार्यविधि तयार नगरी देहाय अनुसार विभिन्न संघ संस्था तथा व्यक्तिलाई रु ५९३००० आर्थिक सहायता वितरण गरेको छ ।उक्त रकम गाउँपालिकाको कुल आन्तरिक आय रु. ८०५४५९ को ७३ प्रतिशत हुन आउँछ ।निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

| सि.नं. | शीर्षक वा प्रयायोजन | रकम | प्राप्त गर्ने |
|---|---|---|---|
| १ | प्रकोप व्यवस्थापन आर्थिक सहायता तथा जोखीम न्यूनिकरण | ५९३००० | १७ जना |

८ **पेश्कि व्यवस्थापन-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की सम्बन्धी व्यवस्था छ । जस अनुसार सम्झौता अनुसारको पेश्की सम्झौतामा उल्लेखित समयमा फछ्र्यौट गरीसक्नु पर्दछ । गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा दिएको पेश्की मध्ये देहाय अनुसारको म्याद बाँकी रहेको पेश्की फछ्र्यौट गर्न बाँकी रहेको हुदा पेश्की रकमको अभिलेख राखी पेश्की फस्यौट हुनुपर्दछ ।

| सि.नं. | पेश्की लिनेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | चन्द्र विकास सनराइज जे भी | गाउँपालिका भवन तल्ला थप | ५७२०००० |

९ **सेवा प्रवाह** - नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु नागरिकलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, घरबाटो सिफारिस, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, विद्युत मिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अभिलेखिकरण अद्यावधिक अभिलेख गरिनु पर्दछ । गाउँपालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ ।

| क.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिता सिफारिस | ९१४ | ९१४ | |
| २ | घरबाटो सिफारिस | ० | ० | |
| ३ | नाता प्रमाणित | ३९४ | ३९४ | |
| ४ | जन्म दर्ता | ९५१ | ९५१ | |
| ५ | मृत्यु दर्ता | २६४ | २६४ | |
| ६ | अन्य | ४४७७ | ४४७७ | |

गाउँपालिकाले सेवा प्रवाहलाई व्यवस्थित र गुणस्तरीय बनाइ सबैको अभिलेख राख्ने तर्फ ध्यान दिनु पर्दछ ।

१० **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेतअन्तरगतको बजेट उपशीर्षकमा अपुग भएमा सोही शीर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । गाउँपालिकाकाको विनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन । यस गाउँपालिकामा कार्यपालिकाको निणर्य बमोजिम विभिन्न शीर्षकमा कुल रू. २ करोड ५८ लाख ८० हजार अर्थात कुल बजेट रु. २ करोड ५८ लाख ८० हजारको ५.३ प्रतिशत रकमान्तर गरी खर्च गरेको छ । गाउँपालिकाको बिनियोजन ऐनमा व्यवस्था बिना एक शीर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन । यसमा सुधार हुनुपर्दछ ।

११ **योजनाको प्राथमिकीरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा आवधिक योजना बनाई लागु गर्नुपर्ने विषय उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू (गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास) लाई गणना गरी ८० अंक भन्दा बढी आउनेलाई पि१ गरी योजनाको प्राथमिकता निर्धारण गरी प्राथमिकता प्राप्त

पि१ योजनामा लगानी गरी आवधिक योजनासँग सामजस्यता गर्नुपर्दछ । गाउँपालिकाले आयोजना छनौट गर्दा वडागत हिसाबले र अत्यन्तै स-साना टुक्रे आयोजना छनौट गरी जे जती बजेट पुग्छ त्यती नै काम गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको पाइयो । गाउँपालिकाले आ.ब. २०७९।८० मा निम्नानुसारका आयोजनामा बजेट विनियोजन गरेको पाइयो । यसरी आयोजनाहरूको प्राथमिकिकरणका आधार अंक गणना गरी प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी स-साना टुक्रे आयोजनामा बजेट विनियोजन गर्ने प्रवृत्तिमा नियन्त्रण हुनु पर्दछ ।

| कार्यक्रमको नाम | योजना संख्या | रु ५ लाख भन्दा कमका योजना | रु.५ देखि २० लाख सम्मका योजना | रु.२० लाख भन्दा माथिका योजना |
|---|---|---|---|---|
| गाउँपालिकास्तरीय | २२१ | १७२ | ४४ | ५ |
| बडा स्तरीय | १७१ | १७१ | ० | ० |
| जम्माः | ३९२ | ३४३ | ४४ | ५ |

१२ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा उपाध्यक्षले मिति २०७८।३।९ गते रु. ४८ करोड २९ लाख ५५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानुनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

१३ **योजना र वजेट कार्यान्वयन** - योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा गाउँपालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको छैन।
- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पूँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कूल पूँजीगत खर्च रु.११ करोड ५३ लाख ५६ हजार भएकोमा प्रथम त्रैमासिकमा शुन्य, दोश्रो त्रैमासिकमा रु.९२ लाख १४ हजार, तेस्रो त्रैमासिकमा रु. ३ करोड ७८ लाख १३ हजार र चौथो त्रैमासिकमा रु. ६ करोड ८३ लाख २९ हजार र असार महिनामा मात्रै रु.३ करोड ८८ लाख ३ हजार खर्च भएको देखिन्छ। आर्थिक वर्षको अन्त्यमा हुने विकासले कामको गुणस्तर र दिगोपनामा असर पर्ने हुनाले गाउँपालिकाले समयमै विकास निर्माण कार्य गर्न ध्यान दिनुपर्दछ ।
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा गाउँपालिकाले यो वर्ष रु. ११ करोड ५३ लाख ५६ हजारको पुँजीगत निर्माणको कार्य गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१४ **बजेट तथा कार्यक्रम** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१५ **जिन्सी व्यवस्थापन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । तर यस नगरपालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन । गाउँपालिका अन्तर्गत गत विगत वर्ष खरिद भएका जिन्सी सामानहरुको समेत PAMS मा अभिलेख राखेको छैन । नियमानुसार गत विगतका जिन्सी अभिलेखहरु समेत PAMS मा लेखांकन हुनुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको सरकारी सामुदायिक तथा सार्वजानिक सम्पत्तिको रेखदेख, मर्मत संभार र संरक्षण गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजानिक सम्पत्तिको मर्मत तथा संभार गरेको अभिलेख राखेको पाइएन ।

१६ **सूचना व्यवस्थापन-** सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोबारसंग सम्बन्धित लेखापालन,अभिलेख,प्रतिवेदन लगायतका सूचना प्रविधिसंग सम्बन्धित प्रणाली व्यवस्था(application control),प्रवेश नियन्त्रण(access control) लगायतका विषयमा देहाय बमोजिमको अवस्था देखियो ।

- कार्यालय स्वयंको नियन्त्रण रहेका सूचना प्रविधि पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो पाईएन,
- सूचना प्रविधि पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म.ले.प. फारम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको पाईएन,
- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरेको पाईएन र त्यसको अभिलेख म.ले.प फारम ९०३ मा राखेको पाईएन,
- सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको पाईएन ।

१७ **लेखा ढाँचाको प्रयोग-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नुपर्दछ । स्वीकृत लेखा

ढाँचामा देहायको बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प.फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । नगरपालिकाले बैंक हिसाब मिलान बिबरण २१२, भुक्तानी दिन बाकी चेकको बिबरण-२२०, प्राप्त रकमको मास्केवारी-२२२, सन्तुलन परीक्षण-२२५, बजेट रकमान्तर, कार्यक्रम संसोधनको बिबरण-३०४, बस्तु तथा निर्माणको खरिद योजना-३११, परामर्श सेवाको खरिद योजना-३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता-५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत-५०७, बेरुजु लगत-८०१, सम्परीक्षण गोश्वारा अभिलेख-८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२, सवारी साधन र मेशिन प्रयोगको लगबुक-९०५, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ ।

१८ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सो माथी विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेकाछन:

- गाउँपालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- गाउँपालिकाले उद्देश्य प्राप्तिमा आईपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्र मात्र यस्तो सुनवाई सीमित गरेको अवस्था छ।
- गाउपालिकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्य मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले भ्रमण तथा अनुगमन वापत रु. २८ लाख ९९ हजार खर्च लेखेकोमा अधिकांश भुक्तानीमा अनुगमन प्रतिवेदन पेश गरेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ गाउँपालिकाले वडा कार्यालय समेतको रू. ४२ लाख ३९ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• गाउँपालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• गाउँपालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• गाउपालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१९ **कर कट्टा नगरेको (२६४ शसर्त ,-२०८०-३-३१)**- आयकर ऐन २०५८ को दफा ८८ भत्ता भुक्तानीमा १५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले कोभिड १९ खोप समेत संचालन कार्यक्रममा पेश्की मार्फत रु २२६००० खर्च गरेको देखिन्छ । उक्त कार्यक्रममा ७ जनालाई भत्ता स्वरुप रु २२६००० भुक्तानी गर्दा नियमानुसार लाग्ने कर रकम रु ३३९०० कट्टा नगरेको हुदा सम्बन्धितवाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,९०० |

२० **करार कर्मचारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाउँपालिकाले विभिन्न पदमा २४ जना कर्मचारीहरु करारमा राखि रु. ४६५४००० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम गाउँपालिकाले गाउँ प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । उक्त पद बाहेक विभिन्न पदमा गाउँपालिकाले ६ वटा कर्मचारी करारमा लिएर रु १८२०००० खर्च गरेको छ । ऐनले तोके भन्दा बाहेकको पदमा करारमा कर्मचारी नियुक्ति गरी तलब भत्ता खर्च लेख्ने कार्य बन्द हुनुपर्दछ ।

२१ **कार्यक्रम पेश्की** - सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुंपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने आर्थिक

वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्र्यौटको लागि पेश गर्ने गरेको देखियो । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ । यस्को केही उदाहरण निम्नानुसार छन्

| पेश्की लानेको नाम | पेश्की प्रयोजन | रकम |
|---|---|---|
| गौरीशंकर रोकाया | सुन्तलाजन्य फलफुल वाली विरुवा | ३७०००० |
| भुमिराज खत्री | पोषण कार्यक्रम | १९८००० |
| अमरराज गिरी | कृषि कार्यक्रम | १९८००० |

२२ **कर्मचारी मार्फत सामान खरिद** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम नियम १२३ को उपनियम ८ मा आपूर्तिकर्ता वा निर्माण व्यवसायीलाई पच्चीस हजार भन्दा बढी रकमको भुक्तानी दिदाँ सम्बन्धित आपूर्तिकर्ता वा निर्माण व्यवसायी को नाममा एकाउन्ट पेयी चेक मार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले देहायको मालसामानहरुमा कर्मचारीले बिजक पेश गरेको आधारमा कर्मचारीको नाममा रकम भुक्तानी दिएको हुदा सम्बन्धित आपूर्तिकर्ताले रकम बुझेको देखिदैन ।कर्मचारीलाई बिजक संलग्न राखेर रकम भुक्तानी दिएको छ । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । कर्मचारी मार्फत गरिएको खरिदको केही उदाहरण निम्नानुसार छन्

| **भौचर र मिति** | **मालसामानको विवरण** | **भुक्तानी पाउने** | **रकम** |
|---|---|---|---|
| ५९७।०८०।३।२४ चालु | पशु औषधि | अमर राज गिरी | ३००००० |
| ३८१।०८०।२।२६ चालु | पशु औषधि | अमर राज गिरी | ३००००० |
| ६०९।०८०।३।३१ चालु | ल्याब सामाग्री खरिद | सत्य राज जोशी | २००००० |

२३ **फरक कार्यमा खर्च १४४।०८०।३।११-** शसर्त , शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्थानीय र प्रदेश तहमा सशर्त अनुदान कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.७ क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार निःशुल्क रुपमा सेनिटरी प्याड उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्ने हुन्छ । गाउँपालिकाले निःशुल्क स्यानिटरी प्याड खरिदको लागी आएको रकमवाट १५ वटा स्कुलमा रु ३०००० को दरले रु ४५०००० खाल्डो खन्ने कार्यमा खर्च गर्ने गरी निकासा गरेको छ । एउटा प्रयोजनको लागी आएको रकम अर्को कार्यमा खर्च गरेको हुदा उक्त कार्य नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ४,५०,००० |

२४ **कर समायोजन** - ल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला

गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले गरेको भुक्तानीमा पेश गरेको कर विजक रकम देहायका फर्मलाई मू.अ.कर रु. १७१०७५ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा मुल्य अभिवृद्धि कर रकम असुल गर्नुपर्ने रु.

| भौ. नं.र मिति | फर्मको नाम | बिजक | भुक्तानी रकम | मु अ कर रकम |
|---|---|---|---|---|
| १४५।०७९।१०।५ | पुष्कर निर्माण सेवा | ५२।०७९।५।५ प्यान नं ३०१०९३०३७ | ८७४७५९ | ११३७१८ |
| १८६।०७९।१०।२८ | पुष्कर निर्माण सेवा | ५२।०७९।५।५ प्यान नं ३०१०९३०३७ | ४९८५७१ | ५७३५७ |
| जम्मा | | | | १७१०७५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७१,०७५ |

२५ **शैक्षिक गुणस्तर** - गाउँपालिका अन्तर्गत संचालित माध्यमिक तह सम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य गाउँपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ ।सोही अनुसार गाउँपालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन । अतः शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

२६ **शिक्षक तलब** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार विद्यालयमा कार्यरत शिक्षकको मासिक तलब त्रैमासिक रुपमा निकासा हुने उल्लेख छ । गाउँपालिकाले देहायको विद्यालयहरुलाई तलब भत्ता निकासा गर्दा शिक्षकहरुले काम गरेको अवधि भन्दा बढी तलब निकासा गरेको देखिन्छ । बढी निकासा भएको तलब समबन्धमा एकिन गरी फिर्ता गर्नुपर्ने रु

| विद्यालय | शिक्षक | विवरण | बढी | कैफियत |
|---|---|---|---|---|
| मष्टेश्वरी आ वि | कलब बहादुर रावल | २०७९।६।२६ मा अवकास | ७८२७ | |
| गौरीशंकर प्रा वि | नवराज जोशी | अवकास भएकोमा निकासा | २३४९० | |
| जम्मा | | | ३१३१७ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,३१७ |

२७ **एउटै दरबन्दीमा दुइ शिक्षक** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा विद्यालयहरुको दरबन्दी भित्रको शिक्षकहरुको लागी नेपाल सरकारवाट संघिय शसर्त अनुदानवाट तलब भत्ता उपलब्ध गराउने व्यवस्था छ ।

गाउँपालिकाको महेश्वरी माध्यमिक विद्यालयमा शिक्षकको रुपमा खडग राज जोशीले तलब भत्ता प्राप्त गर्दै आएको देखिन्छ । पुन सोही दरबन्दीमा उक्त शिक्षकको काम काज गर्ने गरी गाउँपालिकाले निर्मला कुमारी जोशीलाई नियुक्त गरी रु ४३७७२७ खर्च गरेको छ । शिक्षकको उपस्थिति हुदा हुदै निजवाट काम गराउने गरी व्यवस्था गर्नुपर्नेमा थप शिक्षक राखिएको कार्य अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ४,३७,७२७ |

२८ **सेनेटरी प्याड-** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्थानीय र प्रदेश तहमा सशर्त अनुदान कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.७ क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम गर्नुपर्ने र कार्यविधिमा विद्यालयले आफ्ना छात्राहरुको संख्यामा आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गर्ने, गाउँपालिकाले शैक्षिक व्यवस्थापन प्रणालीको तथ्याकंसँग भिडाई विद्यालयलाई आवश्यक संख्यामा उपलब्ध गराउने, विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा राख्ने र विद्यालयले छात्राहरूको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले १५३६० प्याकेट सेनिटरी प्याड प्रति प्याकेट रु ६५ को दरले खरिद गरी रु. ९९८५३६ खर्च गरेको छ । अतः गाउँपालिकाबाट प्राप्त मागको आधारमा आवश्यक संख्या एकिन गरी समयमा नै खरिद गर्ने, मागको आधारमा गाउँपालिकाले विद्यालयलाई हस्तान्तरण गर्ने, विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा राख्ने र विद्यालयले छात्राहरूको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गरी सो को प्रमाण कागजात गाउँपालिकामा पेश गर्नुपर्नेमा कार्यविधिको पालना भएको देखिएन । कार्यविधिको पालना हुनुपर्दछ ।

२९ **विद्यालय व्यवस्थापन खर्च** - कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९ अनुसार विद्यालयहरुको व्यवस्थापन, मसलन्द लगायत को लागी मासिक रुपमा अनुदान दिने गरी शसर्त तर्फ निकासा हुने गरेको छ । उक्त रकमको सीमा भित्र रहेर विद्यालयहरुले आफ्नो सामान्य प्रकृतिको खर्च गर्नुपर्ने हुन्छ । गाउँपालिकाले शसर्त तर्फ निकासा भएको उक्त कार्यक्रम सङ्ग दोहोरो पर्ने गरी वडागत रुपमा पुन रकम विनियोजन गरी विद्यालय व्यवस्थापन मसलन्द शीर्षकमा देहाय अनुसारको रकम भुक्तानी दिएको छ । आन्तरिक स्रोत तथा खर्चको दोहोरोपना नहुने गरी बजेट विनियोजन गर्नुपर्दछ ।

| विद्यालयको नाम | भुक्तानी रकम |
|---|---|
| मष्टा आ वि | २००००० |
| भगवती आ वि | १९०००० |
| वागेश्वरी आ वि | १००००० |
| कोटिश्वेत मा वि | ९५००० |
| जनकल्याण आ वि | १४०००० |
| जम्मा | ७२५००० |

३० **समानिकरणवाट शिक्षक तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर गाउँपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट १३ जना शिक्षक नियुक्त गरी रु ३२००००० तलब भत्ता भुक्तानी गरेकोले देखिन्छ । आन्तरिक आयको अवस्थाको विश्लेषण गरी यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ ।

३१ **औषधि व्यवस्थापन-** गाउँपालिकाले आफ्नो स्वास्थ्य संस्थाको लागी वार्षिक रुपमा आवश्यक पर्ने औषधिहरुको वार्षिक अनुमान गरि उपयुक्त खरिद प्रकृया मार्फत खरिद गर्ने र उक्त औषधिहरुको दाखिला भण्डारण लगायत सम्बन्धमा व्यवस्थापन गर्नुपर्ने हुन्छ । गाउँपालिकाको औषधि खरिद वापत रु ४५ लाख ४१ हजार खर्च गरेकोमा देखिएको व्यहोरा निम्नानुसार छन्

- खरिद गर्न पूर्व लागत अनुमान तयार गर्दा सम्बन्धित स्वास्थ्य कार्यालयहरुको बाँकी मौज्दात एकिन नगरेको,
- आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा एकिन गर्न सकिएन ।
- औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
- औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था छ ।साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा २५ लाख रुपैयासम्मको औषधि जन्य मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको सूचना प्रकाशन गरी तोकिएको मूल्यमा सोझै र २५ लाख रुपैया देखि ५० लाख रुपैयसम्मको हकमा सिलवन्दी दरभाउपत्रको माध्यकवाट र सो भन्दा माथि बोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने व्यास्था छ ।तर गाउँपालिकाले पटक पटक गरी देहाय बमोजिम सोझै सोझै औषधि खरिद गरेको नियम सम्मत नदेखिएको रु

| भौचर र मिति | फर्मको नाम | खरिद | रकम |
|---|---|---|---|
| ५३।०७९।११।२८ शसर्त | आयुष्मा फार्मेसी | औषधि | १२७०००० |
| १९८।०७९।११।३० शसर्त | ग्लोबल ड्रग सप्लायर्स | औषधि | ६७४०८५ |
| १९९।०७९।११।३० शसर्त | न्यु एडभान्स सर्जिकल हाउस | औषधि | २९९६२२ |

| | | | |
|---|---|---|---|
| १६६।०८०।३।१६ शसर्त | दिनेश बहादुर सिहं मार्फत खरिद | औषधि | ३००००० |
| १०३।०७९।१०।१४ शसर्त | सान्नी मेडिसिन सप्लायर्सवाट | औषधि | १९९७६०७ |
| जम्मा | | | ४५४१३१४ |

तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ४५,४१,३१४ |

३२ **कार्यक्रम बेगर भुक्तानी (३६३ शसर्त ,-२०८०-३-३१)**- स्वास्थ्य चौकीहरुमा न्युनतम सेवा मापदण्ड कार्यक्रममा पेश्की मार्फत रु १३०००० खर्च गरेको देखिन्छ । तर उक्त रकम कुन प्रयोजनले खर्च भएको भनी कुनै प्रमाण बेगर ७ जनालाई कर कट्टा समेत नगरी भत्ताको रुपमा वितरण गरेको भरपाइ मात्र संलग्न राखिएको देखिन्छ। विना प्रयोजन कार्यक्रम वेगर भुक्तानी भएको भत्ता रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३०,००० |

३३ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ ।गाउपालिकाले देहायका निर्माण व्यवसायीलाई मर्मत सम्भारको रकम भुक्तानी गर्दा रनिङ विल तथा निर्माण व्यवसायीको कर विजक भन्दा बढी भुक्तानी भएको पाइयो । बढी भुक्तानी भएको रकम सम्वन्धित निर्माण व्यवसायीवाट असुल गर्नुपर्ने रु

| गो भौ नं र मिति | निर्माण व्यवसायीको नाम | मूल्याङ्कन तथा कर विजक अनुसार भुक्तानी हुनुपर्ने | भुक्तनी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|
| ७।८।२२ | निना कन्सट्रक्सन | ९१५६९१ | ९४८१०५ | ३२४१४ |
| ८।८।२२ | मुनाल कन्सट्रक्सन | ९८३९९९ | १०१८८३१ | ३४८३२ |
| १०।८।२२ | चुलि मालिका निर्माण सेवा | ९८४२४२ | १०१९०८३ | ३४८४१ |
| | जम्मा | | | १०२०८७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०२,०८७ |

३४ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख

भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ ।गाउँपालिकाले भौ नं १२९ मिति २०८०।३।२१ मा कोटीखेत मा वि को ४ कोठे भवन निर्माणकोको नापी किताव परीक्षण गर्दा विममा १६ एम एम को डण्डी एकाइ दर फरक पारी ९९७ केजीको मूल्याङ्कन गर्नु पर्नेमा १५६० केजी मूल्याङ्कन गरी भुक्तानी गरेकोलेःवढी भुक्तानी भएको ५६३ केजीको प्रति केजी रु १५७.५७ ले हुने रु ८८७११ विद्यालयय भवन निर्माण समितिवाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८८,७११ |

३५ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान बनाउदा स्वीकृत नर्म्स र प्रचलित जिल्ला दररेटको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ ।गाउपालिकाले देहायका योजनामा ढुङ्गाको कार्य गर्दा लाग्ने लागत अनुमान तयार गर्दा ढुङ्गा संकलन पश्चात मानिसवाट ढुङ्गा ढुवानीमा समेत लोड अनलोडको रकम प्रतिघनमिटर रु ४८० थप गरी लागत अनुमान तयार गरी सोही बमोजिम भुक्तानी गरेको पाइयो।मानिसले गर्ने ढुवानीमा पुन लोडअनलोड थप गरी भुक्तानी गरेको रकम उपभोक्ता समितिवाट असुल गर्नुपर्ने रु

| गो भौ नं र मिति | योजनाको नाम | ढुङ्गाको कामको परिमाण | बढी भुक्तानी दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| १२९।३।२१ | कोटीखेत मा वि भवन निर्माण | ९९.८७ घमी | ४८० | ४७९३७ |
| १३२।३।२१ | खापर्श्वर आ वि भवन निर्माण | ६५.७२ घमी | ४८० | ३१५४५ |
| १६३।३।२१ | महेश्वरी मा वि भवन निर्माण | ६५.११ घमी | ४८० | ३१२५३ |
| १३४।३।२१ | बाल विकास आ वि भवन निर्माण | ७४.२९ घमी | ४८० | ३५६५९ |
| ८२।१२।१३ | राछेपछी तटवन्धन वडा नं ४ | ६३ घमी | ४८० | ३०२४० |
| ९४।१२।१६ | धनधारा तल्ला मछानी पाताल तटवन्धन वडा नं ४ | ३३ घमी | ४८० | १५८४० |
| ९५।१२।१६ | ईश्वर आ वि निर्माण | २४.८२ घमी | ४८० | ११९१३ |
| ११४।१।१० | सिंचाइ कुलो निर्माण वडा नं ४ | २३.८७ घमी | ४८० | ११४५७ |
| | जम्मा | | | २१५८४४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१५,८४४ |

३६ **लागत अनुमान भन्दा फरक सामग्री प्रयोग** - सर्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र प्रचलित जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ।गाउपालिकाले देहायको निर्माण गर्दा ओ पि सी सिमेन्ट प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको र सोही

आधारमा मूल्याङ्कन गरी भुक्तानी गरेकोमा उपभोक्ता समितिले पेश गरेको विल भर्पाइ परीक्षण गर्दा बोरा पि पि सी सिमेन्ट प्रयोग गरेको पाइयो ।ओ पि सी सिमेन्ट भन्दा पि पि सी सिमेन्टको जिल्ला दररेटमा प्रतिवोरा रु १०० कम रहेकोले कम दररेटको सिमेन्ट प्रयोग गरी बढी दररेटवाट भुक्तानी भएको रकम असुल हुनुपर्ने रु

| गो भौ नं र मिति | योजनको नाम | प्रयोग भएको परिमाण | बढी भुक्तानी रकम |
|---|---|---|---|
| ७७।१२।१३ | शहिद प्रतिक्षालय निर्माण वडा नं ७ | ७५वोरा | ७५०० |
| ९५।१२।१६ | इश्वर आ वि निर्माण | १९४ वोरा | १९४०० |
| | जम्मा | | २६४०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,९०० |

३७ **पेश्की भुक्तानी** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ क मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात निर्माण व्यवसायीवाट अग्रीम बैंक जमानत लिई खरिद सम्झौता रकमको २० प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सकिने व्यवस्था छ ।गाउँपालिकाले प्रशासकिय भवनको तल्ला थप निर्माणको लागि निर्माण व्यवसायी चन्द्र विकास सनराईज जे भीसंग रु ४४०२३३६४ मु अ कर पि एस समेतको सम्झौता गरेकोमा कार्यालयले पि एस र मु अ कर बाहेक हुने सम्झौता रकम रु ३८३२३६२१ को २० प्रतिशतले हुने पेश्की रु ७६६४७२४ सम्म पेश्की दिन सकिनेमा ग्लोवल आइ एम ई बैंकको पेश्की जमानतमा रु ८८००००० पेश्की दिएको पाइयो ।नियमले तोके भन्दा बढी पेश्की दिएको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,३५,२७५ |

३८ **गुणस्तर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा अधिकांशमा गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नुपर्दछ ।

३९ **उपभोक्ता समिति मार्फत काम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । सुत्रमा प्रविष्टि भएको विवरण अनुसार यस वर्ष १७० वटा उपभोक्ता समिति मार्फत काम गराई रु. ३३०५५४३३ भुक्तानी भएको देखिन्छ । लेखापरीक्षणमा प्रविधिकको मूल्याङ्कनलाई आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ । सो मध्ये नमूना छनौट गरी लेखापरीक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका गाउँपालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

क. कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।

ख. हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने सबै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन।

ग. योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।

घ. कुनैपनि उपभोक्ता समितिसँग योजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन ।

ङ. उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यलयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् ।

च. कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।

छ. उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।

ज. उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।

झ. उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भरपाई गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।

ञ. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भरपाई सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ ।

तसर्थ कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भरपाई पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

---

४० **सम्झौता विपरीत भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को उपनियम ३ मा लागत अनुमान तयार गर्दा निर्माण कार्य गर्न लाग्ने समयावधि समेत किटानी गर्नु पर्ने उल्लेख छ ।कार्यालयको भवन निर्माण गर्न लाग्ने अवधि लागत अनुमानमा नतोकिएको र सम्झौतामा ३६ महिना भित्र सम्पन्न गर्नु पर्ने उल्लेख छ । तर लागत अनुमानमा समय उल्लेख नगरी सम्झौतामा अनुमानित समय राख्दा निर्माण कार्य गर्न लाग्ने यथार्थ सम्झौतामा नरखेको देखिन्छ । गाउँपालिकाले निर्माण व्यवसायी विकोइ सुर्मा सरोवर जे भीसंग गाउँपालिका भवन रु ५३९५४५५९ मु अ कर समेतको सम्झौता गर्दा ३६ महिना भित्र कार्य सम्पन्न गर्ने गरी २०७७।४।१४ मा

सम्झौता गरेकोमा निर्माण व्यवसायिले १८ महिनामा भवन हस्तन्तरण गरेको भनी २०७८।११।११ मा भवन हस्तान्तरण गरी सम्झौता रकमको १० प्रतिशतले हुने रु ५३९२०८३ मा २५ प्रतिशत कर कटाइ रु ४०४४०६२ भुक्तानी दिएको छ । निर्माण व्यवसायीलाइ वोनस भुक्तानी गर्नुपर्ने सम्झौतामा उल्लेख हुदा समेत मु अ कर बाहेकको रकममा भुक्तानी गर्नु पर्नेमा मु अ कर सहितको रकममा भुक्तानी गर्दा रु ६२०३२८ बढी भुक्तानी हुन गएको छ ।बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,२०,३२८ |

४१ **लागत अनुमान भन्दा फरक सामाग्रि प्रयोग-** सर्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्मस र प्रचलित जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ ।गाउपालिकाले विद्यालययको भवन निर्माण गर्दा ओ पि सी सिमेन्ट प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको र सोही आधारमा मूल्याङ्कन गरी भुक्तानी गरेकोमा भगवती आधारभूत विद्यालययले पेश गरेको विल भर्पाइ परीक्षण गर्दा १५१ बोरा पि पि सी सिमेन्ट प्रयोग गरेको पाइयो ।ओ पि सी सिमेन्ट भन्दा पि पि सी सिमेन्टको जिल्ला दररेटमा प्रतिवोरा रु १०० कम रहेकोले कम दररेटको सिमेन्ट प्रयोग गरी बढी दररेटवाट भुक्तानी भएको रकम असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,१०० |

४२ **प्रधानमन्त्री रोजगार कार्यक्रम-** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत गाउँपालिका अन्तर्गत ६१ योजना सञ्चालन गरी यस वर्ष २२३ जनालाई औसत १०० दिनले रोजगारी उपलव्ध गराई रु १०२७५००० ज्याला खर्च गरेको छ ।गाउँपालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

४३ **१० वेड अस्पताल निर्माण-** गाउँपालिकाले १० वेड अस्पताल भवन निर्माणको लागि रु १२१७१०८५० को लागत अनुमान स्वीकृत गरी बोलपत्र अह्वान गरेकोमा निर्माण व्यवसायी को कवोल अंक रु ८८०५९१२९ मा २०८१।३।२० भित्र कार्य सम्पन्न गर्ने गरी २०७९।१।१३ मा ठेक्का सम्झौता भएकोमा यो वर्ष प्रथम र दोश्रो विलवाट भेरिएसन सहित रु ४०५१५५६४ भुक्तानी भएको छ ।सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौताका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको चरणका श्रृजना भएमा सो को स्पष्ट कारण खुलाइ भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले परामर्शदाताले तयार गरेको लगत अनुमानको आधारमा वोलपत्र आह्वान गरी ठेक्का सम्झौता गरेकोमा उक्त सम्झौता परिमाणमा जमिन सम्याउनु पर्ने कार्य नभएको भनि २७६७५ घनमिटर जमिन काटी निर्माण गर्नुपर्ने व्यहोरा उल्लेख गरी डोजरले काट्ने दर

विश्लेषण गरी कार्यपालिकावाट भेरिएसन अदेश स्वीकृत गरी निर्माण व्यवसायी निर्माण व्यवसायीलाई रु भरिएसनवापत ५०५७०३२ भुक्तानी गरेको छ ।

४४ **कर कट्टी नगरेको** - आयकर ऐन २०५८ को दफा ८८ मा परामर्श सेवा बापतको भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ ।गाउपालिकाले लाल बहादुर सार्कीलाइ गाउँपालिकाको जग्गाको लगत उतारवापत रु २४५००० भुक्तानी गरेकोमा १५ प्रतिशतले हुने कर रु ३६७५० कटाइ भुक्तानी गर्नुपर्नेमा रु २४५० मात्र कट्टी गरेकोले नपुग रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,३०० |

४५ **नाफामुलक संस्थालाई अनुदान-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा वितरणमुखि खर्चलाइ नियन्त्रण गर्दै संघ र प्रदेश सरकारवाट प्राप्त रकमलाइ स्थानीय पूर्वाधार विकास तथा दीर्धकालीन पूजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ ।जसवाट नाफाकमाउने उद्देश्यवाट स्थापित संस्थालाइ अनुदान तथा सहायता उपलव्ध गराउन मिल्दैन ।यदी उपलव्ध गराउने हो भने सार्वजनिक रुपमा निःशुल्क वा न्यून शुल्कमा सेवा उपलव्ध गराउने सुनिश्चित हुनु पर्दछ ।यस स्थानीय तहले अनुदाननै दिनेगरी कार्यक्रम निर्धारण गरी निम्नानुसारका संस्थालाइ विभिन्न कार्यक्रम निर्धारण गरी यो वर्ष रु ३ लाख ५० हजार अनुदान उपलव्ध गराएको छ । तर त्यसवाट उपरोक्तानुसार सेवा प्रवाह हुने सुनिश्चित छैन । यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ ।

| **अनुदान पाउनेको नाम** | **रकम** |
|---|---|
| संगम सहकारी संस्था व्यवस्थापन | १२०००० |
| कालिका सहकारी संस्था व्यवस्थापन | ८०००० |
| मष्टा गुरेल स्वावलम्वन कृषि व्यवस्थापन | १००००० |
| रामजानकी स्वावलम्वन कृषि सहकारी संस्था | ५०००० |

४६ **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी लेखापरीक्षण गराउनु पर्नेमा शाखा गठन गरेको छैन । लेखापरीक्षण योजना बमोजिम नमूना छनौट गरी लेखापरीक्षण गरेको हुँदा स्रेस्ताको जोड जम्मा तर्फ कार्यालयको जोड जम्मालाई नै आधार मानिएको छ । वित्तीय समानिकरण, शसर्त, राजश्व वाँडफाँड लगायत सबै कारोवारको त्रैमासिकरुपमा आन्तरिक लेखापरीक्षण नगरेको कारण आन्तरिक नियन्त्रण कमजोर हुने र श्रेस्तामा रहेको कमी कमजोरी समयमै सुधार गर्न नसकिने हुनाले आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउन समेत अन्तरीक लेखापरीक्षण गर्नुपर्दछ । अतः ऐन नियमको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण शाखा गठन गरी त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्दछ।

४७ **सामाजिक सुरक्षा भत्ता वितरण**

४७.१ **केवाइसी अपडेट-** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

---

४७.२ **लगतकट्टा-** सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम लाभग्रहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिका को उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगतार एकवर्ष खाता निष्क्रिय भएमा, समाजिक सुरक्षा भत्ता पाउने व्यक्ति बसाईसरी अन्यत्र गएमा र अयोग्य व्यक्तिको भत्ता प्राप्त गरेको प्रमाणित भएमा, स्थानिय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राही घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य, वडा सचिव वा कार्यरत कर्मचारीहरुले घटना भएको जानकारी पाएमा सत्य तथ्य बूझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था छ ।

---

४७.३ **अनुगमन तथा निरीक्षण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा गाउँपालिकाका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम गाउँपालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन ।कार्यविधिले तोके बमोजिम अनुगमन हुनुपर्दछ ।

---

४७.४ **पारदर्शिता-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ.एम लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष गाउँपालिकाले सो बमोजिम कार्य गरेको देखिएन ।

---

४८ **इन्टरनेट ब्रोडब्याण्ड सेवा -** स्थानीय तह मार्फत ब्रोडब्याण्ड ईन्टनेटको पहूँच गाउँपालिका भरीका ३० वटा आधारभूत सामूदायिक विद्यालययमा कम्तिमा २० एम वि पि एस क्षमताको नन डेडिकेटेड ब्रोडब्याण्ड इन्टरनेट पुर्याउन नेपाल दूरसञ्चार प्राधिकरणसंग सम्झौता गरी नेपाल दूर सञ्चार प्राधिकरणले प्रति विद्यालयय रु ७३९०० को दरले रु गाउँपालिकाको खातामा २२१७००० निकासा गरी गाउपालिकाले ३० आधारभूत सामूदायिक विद्यालययको खातामा निकासा गरेको छ ।लेखापरीक्षणणको क्रममा विद्यालययले इन्टरनेट सेवा जडान गरेको विल भर्पाइ परीक्षण गर्दा साग्रिला इन्फोरमेटिक्स प्रा लि को रु ७३९०० को इन्टरनेट जडानको विल भर्पाइ पेश गरेको देखियो ।यसरी गाउँपालिका भित्रका सम्पूर्ण विद्यालययमा एउटै आपूर्तकवाट विना प्रतिस्पर्धात्मक तवरवाट कार्य

गराएको देखियो ।यसरी जडान भएको इन्टरनेट सेवाको सञ्चालन भए नभएको गाउँपालिकावाट अनुगमन समेत भएको देखिएन ।

४९ **उपभोक्ता समिति मार्फत डि पि आर (२१६ चालु-२०७९-१२-८)-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा परामर्श सेवाको खरिद सम्बन्धी व्यवस्था छ । उपभोक्ता समितिवाट गरिने खरिदमा परामर्श सेवा खरिद सम्बन्धी कुनै व्यवस्था भएको छैन । गाउँपालिकाले जिप लाइन संचालन सम्भाव्यता अध्ययन तथा आइ इ इ को लागी रु १०००००० विनियोजन गरी उपभोक्ता समिति मार्फत सम्पन्न गराएको छ । उपभोक्ता समितिले सोझै ओम क्यालिटी फाइबरले बनाएको रिपोर्ट संलग्न राखी रकम खर्च गरेको छ । कानुनमा व्यवस्था गरेको भन्दा विपरित खरिद कार्य गरेको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १०,००,००० |

५० **आन्तरिक आय-** पालिकाले राजस्व असुलीमा प्रयोग हुने रसिदको दुरुपयोग हुन नदिन रसिद नियन्त्रण खाता {म.ले.प.फा.न.९०४}तयार गरी राख्नु पर्नेमा सो वमोजिम रसिद नियन्त्रण खाता राखेको छैन । जसवाट गाउँपालिकासँग रहेको विगतको बाँकी नगदी रसिद, यसवर्ष छपाइ भएका रसिद तथा यस वर्ष विभिन्न वडा तथा गाउँपालिकाको राजस्व शाखालाई उपलब्ध गराएको रसिद के कति सङ्ख्यामा रहेका थिए यकिन गर्न सकिएन । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्

५०.१ वडा न. १ मा मालपोत र नगदी रसिदवाट जम्मा रकम रु १४८१०५ प्राप्त भएकोमा रु ८१४७० मात्रै दाखिला भएको देखिएकोले नपुग रकम का.स. भक्तराज जोशीवाट रु ३१६८५ र प्राविधिक सहायक कुम्भराज जोशीवाट रु ३४९५० गरी जम्मा रु ६६६३५ असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६६,६३५ |

५०.२ वडा नं ५ मा मालपोत र नगदि रसिदवाट जम्मा रकम रु ११०६१६ प्राप्त भएकोमा रु ९५२५६ मात्रै दाखिला भएको देखिएकोले नपुग रकम रु १५३६० का.स. गजेन्द्र बहादुर सिंहवाट असुल गरी दाखिला गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,३६० |

५०.३ वडा नं. ७ मा मालपोत र नगदि रसिदबाट जम्मा रकम रु ९२३९० प्राप्त भएकोमा रु ७५००० मात्रै दाखिला भएको देखिएकोले नपुग रकम रु १७३९० वडा सचिव लोग बहादुर रोकायासंग असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,३९० |

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक वर्षः २०७९।८०

कार्यालय र स्थान: खप्तडछान्ना गाउँपालिका, बझाङ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | हरि प्रसाद सोती | २०७९-१०-२२ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | दिपक कुमार रावल | २०७७-४-१ | २०७९-१०-२१ |
| लेखा प्रमुख | मदन राज जोशी | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,५३३,१४७ | ६,४२९,०४१ | १७१,०७५ | ० | ० | ० |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | | | | | ९,१३३,२६३ |
| प्रारम्भिक प्रतिवेदन उपर फर्स्यौट गरी सम्परीक्षण भएको रकम रु. | | | | | ० |
| सम्परीक्षणबाट थप भएको बेरुजू रु. | | | | | ० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | | | | | ९,१३३,२६३ |

स्थानीय तह : खप्तडछान्न गाउँपालिका, बझाङ।

| | | | |
|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | | ३०५१३७७३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३३८८६२४९७ | चालु खर्च | ४१२३८०३६० |
| प्रदेश सरकारबाट अनुदान | १२८००००० | पूँजीगत खर्च | १५८३५१४२० |
| राजश्व बाँडफाँट | ६८९७०४४६ | वित्तीय/अन्य व्यवस्था | ५०६७७२.० |
| आन्तरिक आय | ८०५४५९.० | | |
| अन्य आय | १३४६२९११३ | | |
| कुल आय | ५५६०६७५१५ | कुल खर्च | ५७५७९९५५२ |
| बाँकी मौज्दात | | १०७८१७३६ | |